अध्याय ९

# विद्रोही अब्शालोम

विद्रोह भनेको के हो? विद्रोही बन्नु भनेको के हो? विद्रोही त्यो हो जो अधिकारीको विरोधमा खडा हुन्छ र अधिकारीको सामना गर्दछ अथवा अवज्ञा गर्दछ । विद्रोही त्यो हो जो अधिकारीको सामु झुक्न इन्कार गर्छ (अधिकारी मानौं वैधानिक भएर पनि र अधिकारीको व्यवहार जिम्मेवारपूर्ण, मुनासीब र सही भएर पनि) । **विद्रोह**को विपरित अर्थ लाग्ने शब्द कुन हो? (त्यस्तो एउटा शब्द एफेसी ५:२२ मा भेटिन्छ)________________ । कुनै एउटा व्यक्ति राजाको विद्रोहमा जान सक्दछ कि ऊ राजाको अ____________ मा बस्न सक्दछ (दाँज्नुहोस्: एफेसी ५:२४; १ पत्रुस २:१३,१७) । सबभन्दा उच्च अधिकारी परमेश्वर स्वयम् हुनुहुन्छ भन्ने कुरा जानेर, हामी अधिकारको स्थानमा रहेकाहरूको मुनि आ-आफ्नो स्थानमा बस्नु परमेश्वरको इच्छा हो ।

विद्रोही अब्शालोमको जीवनको अध्ययन गर्ने क्रममा हामी प्रत्येकका आ-आफ्नै हृदयमा भएको विद्रोही स्वभावको विषयमा सिक्न चाहन्छौं ।

## अब्शालोम को थिए ?

२ शमूएल ३:२-५ पढ्नुहोस् । के दाऊदले धेरै पत्नीहरू राखेका थिए ? _________ । मानिसले धेरै पत्नीहरू राख्नु के परमेश्वरको शुरुदेखिको इच्छा हो (मत्ती १९:४-८; उत्पत्ति २:२४)? ___________ । धेरैजना पत्नी राखेकाले दाऊदले धेरै समस्या भोगे । तीमध्ये एउटा समस्या हाम्रो यस पाठको विषय हो अर्थात् **अब्शालोम**!

दाऊदका जेठा छोरा को थिए (२ शमूएल ३:२)? _______________ । अब्शालोमकी आमा को थिइन् (२ शमूएल ३:३) ? ______________ । **अब्शालोम** नाउँको अर्थ हो: "शान्तिका पिता" (अब् = पिता; शालोम= शान्ति) । तर यस अध्ययनले हामीलाई देखाउनेछ अब्शालोमको नाम **"लडाकु पुत्र"** (ठीक उल्टो) भएको भए उसलाई सुहाउनेथियो ! अब्शालोमका बाबु को थिए (२ शमूएल १३:१) ? ________________

## अब्शालोम बदला लिन्छन्

अब्शालोमकी एउटी बहिनी थिइन् जसको नाम ___________ थियो (२ शमूएल १३:१) । तिनी सुन्दरी थिइन् । तिनलाई कसले प्रेम गर्थे (२ शमूएल १३:१) ? ______________ । तामार अमनोनकी सौतेली (अर्थात् एउटै बाबु तर बेग्लै आमाबाट जन्मेकी) बहिनी थिइन् । अमनोनको प्रेम वास्तवमा **अभिलाषा** मात्र थियो । उनले तिनलाई केवल आफ्नै अभिलाषा पूरा गर्नलाई मात्र प्रयोग गर्न चाहन्थे । उनको अभिलाषा यति प्रबल थियो कि यसको कारण उनी ____________ गए (२ शमूएल १३:२) ।

एक दिन अमनोनले आफ्नो खराब इच्छा र पापी चाहना व्यक्त गर्नालाई मौका लिए (२ शमूएल १३:१०-११) । तामार एक चरित्रवान् स्त्रीको असल नमूना थिइन् । तिनी कन्या-केटी थिइन् । तिनले अमोननको प्रस्तावलाई पूरै इन्कार गरिन् र उनको सामना गरिन् (पद १२) । यस्तो काम गरिनु हुँदैन, यो पाप हो, यो मूर्खता हो भनी तिनी जान्दथिन् (पद १३) । यस्तो नीच काम गर्नु मूर्ख बन्नु हो भनी तिनले अमनोनलाई चेताउनी दिइन् (पद १३) । तिनले अमनोनलाई बिहेको प्रस्ताव ल्याउन समेत सल्लाह दिइन् (पद १३) । तिनको भनाइ यस्तो थियो: "अमनोन, तपाईंले केवल तपाईंका पिता दाऊदलाई अनुरोध गर्नुहोस् अनि उहाँले मलाई तपाईंको पत्नी हुन दिनुहुनेछ । " तर अमनोनले त्यसलाई स्वीकारेन किनकि **अभिलाषा**ले भन्दछ: **"म जे चाहन्छु, त्यो म अहिले नै चाहन्छु!"** अभिलाषाले पर्खंदैन । त्यसले जे चाहन्छ, त्यो उसलाई तत्कालै चाहिन्छ ।

अमनोनले आफ्नो सौतेली बहिनीलाई "प्रयोग" गरिसकेपछि, तिनको निम्ति उनको जुन प्रेम थियो त्यसलाई के भयो (पद १५)? ________ ________________________________ । मोशाको व्यवस्थाअनुसार, व्यभिचारको अपराधको दण्ड के

थियो (व्यवस्था २२:२२)? ________ । कुनै पुरूष मगनी भएकी केटीसित सुते भने तिनले पाउनुपर्ने दण्ड के थियो (व्यवस्था २२:२५)? _____________ । मगनी नभएकी कन्या – केटीसित सुत्ने पुरुष मृत्युदण्डको योग्य हुन्थ्यो कि हुन्थेन (व्यवस्था २२:२८-२९)? _______________ । अमोननको पाप ज्यादै घृणास्पद र गम्भीर थियो तैपनि त्यो मृत्युदण्डको लायक थिएन ।

अमनोनले तामारलाई के गरे भन्ने कुरा थाहा पाएर तिनका दाजु अब्शालोम रिसाए । अब्शालोम अमनोनलाई मार्न चाहनुको पछाडि सम्भवतः दुईटा कारणहरू थिए: १) आफ्नो बहिनीमाथि गरेको कामको बदला लिन, २) अमोनन दाऊदका जेठा छोरा थिए अनि सम्भवतः राज्यका उत्तराधिकारी थिए । यतिखेर अब्शालोम राजगद्दीलाई ताक्न थालिसकेका थिए जसका निम्ति कुनै प्रतिस्पर्धी खडा भएको उनी चाहँदैनथे । अब्शालोमले अमोनलाई कसरी मारे ( २ शमूएल १३:२८-२९)? ______________________________________________
___________________________________________

यसपछि अब्शालोम भागेर ______________ मा गए (२ शमूएल १३:२८) । यो गालील समुद्र नजिकैको एउटा सानो जिल्ला थियो र अब्शालोमकी आमाको माइती पर्थ्यो (२ शमूएल ३:३) । अब्शालोम दुवैतिरबाट राजकीय वंशका थिए । उनका बाबु दाऊद इस्राएलका राजा थिए र ऊनका मावलीपट्टिका बाजे चाहिँ गशूरका राजा थिए (२ शमूएल ३:३) । राजाको छोरा र नाती भएर मात्र अब्शालोमलाई पुगेन । उनी स्वयम् राजा बन्न चाहे ।

अब्शालोमले दाऊदका जेठा छोरालाई मारे तापनि, के अब्शालोमप्रति दाऊदको माया थियो (२ शमूएल १३:३९) ? ____________

## अब्शालोम यरुशलेम फर्कन्छन्

गशूरमा तीन वर्ष बिताएपछि, आखिरमा अब्शालोमलाई दाऊदले यरुशलेम फर्कन अनुमति दिए (२ शमूएल १४:२१)? तर अब्शालोमलाई कुन कुराको अनुमित दिइएन (२ शमूएल १४:१४) ? ____________ ________________________ । उनलाई राजा, अर्थात आफ्नो पिताकहाँ जान अनुमति दिइएन । राजाको मुख नदेखेको पूरा दुई वर्षपछि, अब्शालोमले राजाकहाँ एउटा खबर पठाइयोस् भनेर योआबलाई बोलाइपठाए । योआब दाऊदका सेनापति थिए । तर योआबले अब्शालोमको वास्तै गरेनन् (२ शमूएल १४:२८-२९) । तब योआबको ध्यानाकर्षण गर्न अब्शालोमले के गरे ( २ शमूएल १४:३०)? _______________________________________ । उनको यो युक्तिले काम गर्‍यो अनि अब्शालोम राजाको सामु लगिए । के अब्शालोमले राजाका सामु साष्टाङ्ग दण्डवत् गरे र आफूलाई आज्ञाकारी भएरै देखाए (२ शमूएल १४:३३)? ______________ । हृदयमा उनी आज्ञाकारी थिए कि विद्रोही थिए होलान्?

## अब्शालोमको रूप

२ शमूएल १४:२५-२६ अनुसार अब्शालोम शरीरमा सिद्धताको एक नमूना नै थिए । उनी सुन्दर थिए । उनको शरीर खोटरहित थियो । के इस्राएलमा उनको तुलनामा आउनसक्ने कोही योग्य थियो ? __________

साथै हामीलाई उनको कपालसम्बन्धी पनि केही कुरा बताइएको छ । अब्शालोम आफ्नो कपाल प्रायः काट्ने गर्दैनथे । उनले लामो समयसम्म पनि आफ्नो कपाल नकाटीकन पाल्थे । वास्तवमा उनले त्यस बेला मात्र कपाल काट्थे जब उनको कपाल उनलाई गह्रौं हुनुपुग्थ्यो! अरु उनले आफ्नो काटिएको कपाललाई तौलेको उल्लेख छ! त्यसको तौल __________ शेकेल थियो (शमूएल १४:२६), अर्थात् करिब २ किलो! १ कोरिन्थी ११:१४ अनुसार पुरुषको कपाल लामो हुनु शर्मको कुरा हो कि गर्वको ? ___________

## अब्शालोम प्रजालाई मोहित पार्छन्

२ शमूएल १५:१-६ पढ्नुहोस् । अब्शालोम इस्राएलीहरूका हृदयहरूलाई आफूतिर खिँच्ने प्रयास गर्दैथिए ताकि तिनीहरू दाऊदको सट्टा उनको पक्षमा आऊन् । उनका क्रियाकपलाप एक चुनावमा उठेका उमेदवारका जस्तै थिए । उनले जनतालाई प्रभावित पार्न भ्याएसम्म गरे (पद १) । प्रचार-प्रसारको क्रममा उनले कतिपय उदेकलाग्दा प्रतिज्ञाहरू गरे: "म राजा भएको भए, म सब कामकुरा फटाफट मिलाउनेथिएँ!" के अब्शालोम मानिसका हृदयहरू खिँच्न सफल भए ( २ शमूएल १५:१३) ? ____________

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

## ठूलो विद्रोह

२ शमूएल १५:७-८ मा अब्शालोमले दाऊदलाई आफूले एउटा भाकल गरेको कुरा बताए । त्यस्तो कुनै भाकल उनले गरेका थिए होलान्? __________ । के उनी प्रभुको सेवा गर्नलाई गम्भीर थिए होलान् (पद ८)? ___________ । केवल आफ्नै मात्र सेवा गर्नलाई उनको ध्याउन्ना थियो । अब्शालोम हेब्रोनमा वास्तवमा किन जान चाहन्थे (२ शमूएल १५:१०)? _________________________________

अब्शालोमले आफ्नै पिताको विद्रोह गरे । दाऊद दोबर हिसाबले अब्शालोममाथि अधिकारी थिए: दाऊद अब्शालोमका पि_____ थिए र साथै दाऊद अब्शालोमका रा_____ थिए । तर अब्शालोमलाई आफू राजा बन्नुबाहेक कुनै कुराको मतलब थिएन! कसैले उसमाथि राज्य गरेको उनी चाहँदैनथे – न ता दाऊदले न ता परमेश्वरले नै ! विद्रोहको जड यही हो । निम्न चित्रले हामी प्रत्येकको हृदयभित्र रहेको विद्रोही स्वभावलाई दर्शाउँदछ:

**विद्रोही भावना:**

"म आफै आफ्नो राजा हुन चाहन्छु । कसैले ममाथि राज गरेको म चाहन्न! म कसैको निर्देशनमा चल्न चाहन्न । म आफ्नै इच्छामा चल्न चाहन्छु । मलाई कसैले यसो गर् त्यसो नगर् नभनोस्, न परमेश्वरले, न ता मानिसले । आफ्नो राजा म आफै बन्छु!"



*विद्रोहको जड यही हो!*

## दाऊद भाग्छन्

अब्शालोमको विद्रोह सफल भयो,यहाँसम्म कि दाऊद यरुशलेम शहरदेखि भाग्न बाध्य भए (२ शमूएल १५:१४) । दाऊदको व्यभिचार र हत्याको पापले गर्दा उनीमाथि यस्ता समस्याहरू आइपर्नेछन् भनी नातान अगमवक्ताले दाऊदलाई अघिबाटै सुनाइसकेका थिए (हेर्नु: २ शमूएल १२:९-११) । केवल एउटी पत्नी र एउटै परिवार राखेर दाऊद सन्तुष्ट भएका भए उनी कैयौं समस्यादेखि जोगिनेथिए!

## विद्रोहीको मृत्यु

दाऊद यर्दन नदीपारि पुगे र उनले त्यहाँ एउटा सेना तयार गरे । अब्शालोम पनि आफ्ना पितालाई आक्रमण गर्न यर्दन तरेर आए । आफू एकलै राजा बन्न उनी आफ्नै पितालाई समेत मार्न तयार थिए । के दाऊद आफ्नो छोरालाई मार्न तयार थिए (२ शमूएल १८:५,१२)? ___________

अब्शालोमको मृत्युलाई २ शमूएल १८:९-१४ मा बयान गरिएको छ । आफ्नो खच्चरमा चढेर जाँदै गर्दा उनको टाउको अचानक एउटा ठूलो फलाँटको रूखका हाँगामा अल्झिन पुग्यो । खच्चरलाई तब के भयो (पद ९)? ____________________ । अब्शालोम आकाश र जमीनका बीच झुण्डिए र उनले आफूलाई हाँगाहरूबाट छुटाउन सकेनन् । कतिको विचारमा यसरी रूखका हाँगामा अल्झिएर नष्ट हुनुमा एउटा कारण उनको लामो कपाल थियो । त्यहाँ

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

अब्शालोम दाऊदका सेनापति योआबका निम्ति सजिलो तारो बने (हेर्नू: पद १४) । यसरी अब्शालोमको "सुनौलो" शासन धेरै दिन टिकेन । के दाऊद आफ्ना छोरा मरेकाले रमाए (२ शमूएल १८:३३) ? _______________

## तेस्रो भजन

भजनसङ्ग्रह ३ मा उल्लेख छ, "आफ्नो छोरा _______________ देखि भाग्दा __________ को भजन" । उक्त भजनले अब्शालोमको विद्रोहले दाऊदलाई आइपरेको समस्याको विषयमा बताउँदछ ।

घमन्ड, महत्त्वाकाङ्क्षा र विद्रोहमा लागेर अब्शालोमले आफ्नो जीवनको बरबादी गरे । अब्शालोम शक्ति र सम्मानको लालसा गर्नुको सट्टा आफूसित भएका कुरामा सन्तुष्ट रहनुपर्थ्यो; जस्तै, परमेश्वरको भय मान्ने उनका पिता थिए । अन्य के कस्ता आशिषका निम्ति अब्शालोम धन्यवादी हुनुपर्थ्यो? तपाईंसित के कस्ता आशिषहरू छन् जसका निम्ति तपाई धन्यवादी हुनु आवश्यक छ?

थुप्रै नेपाली बाइबल अध्ययन सामग्री पाइने वेबसाइट: ***wordoftruth.com.np***

यस लेखको नेपाली रूपान्तरको सर्वाधिकार प्रकाशकमा सुरक्षित - © Wordoftruth Publishing (2010)